हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १५२ पृष्ठ : ४ २०७७ पुस १९ गते आइतबार (Sunday 03 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




## लहान नगरक्षेत्रमा सडक सुधार कार्य सुरु

**फिरोज शेख**

लहान । नगरस्तरीय कार्यक्रम अन्तर्गत लहान नगरपालिका-१० स्थित ग्रामीण चौकदेखी उत्तर गुदिगाउँसम्म सडक सुधार कार्यको सुरूवात गरिएको छ ।

एक कार्यक्रमकाबीच नगरप्रमुख मुनि साहको प्रमुख आतिथ्यतामा सडक सुधार कार्यको आरम्भ गरिएको छ । विगत लामो समय देखि जीर्ण अवस्थामा रहेको उक्त सडकलाई ३० फिट चौडाई गर्ने योजना सहित नविन बहादुर कार्कीको अध्यक्षतामा निर्माण सुरू गरिएको हो । सिद्धेश्वर महादेव उपभोक्ता समिति लहान १० लाई लहान नगरपालिकाबाट ७६ लाख ७६ हजार व्यहोर्ने गरी सडक सुधार कार्य २०७८ साल जेठ २५ गते सम्म पूरा गर्न जिम्मा दिइएको नगर प्रमुख साहले बताए ।

नगर प्रमुख साहले लहान नगरपालिका-१० मा रहेको नहरलाई सुधार गर्दै पक्कि नहरसंगै ढल निर्माणको कार्यक्रम पनि अगाडी बढीसकेको जानकारी दिए । ग्रामीण चौक देखि गुदिगाउँ सम्मको सडक सुधार कार्यक्रम शनिबार बाट सुरू भएकोमा खुशी व्यक्त गर्दै चाडै ग्रामीण चौक देखि पुरानो विधुत प्राधिकरण सम्मको सडक पनि निर्माण गर्न लागि परेको बताए ।

लहान नगरपालिका भित्र रहेका २४ वटै वडामा स्वास्थ्य चौकी स्थापनासंगै व्यवस्थापनमा नगरपालिका अग्रसर भइरहेको बताउँदै उनले निर्वाचनको समयमा जनसमुदायसंग गरिएको विकास निर्माणका कार्यहरू मध्ये ९० प्रतिशत काम लगभग सम्पन्न हुने क्रममा रहेको र बाँकी १० प्रतिशत काम पनि सम्पन्न गर्न लागि परेको बताए ।

सडक, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेखनीय काम भइरहेको पनि नगर प्रमुख साहले बताए । लहान नगरपालिका वडा नम्बर १० का वडाध्यक्ष मन्टि



कुमार मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समाजसेवी राज कुमार कोइराला, विन्देश्वर पासवान, शिव प्रसाद तामांगसंगै लहान नगरपालिका ११ का वडाध्यक्ष तथा नगरपालिकाका प्रवक्ता राज कुमार साहले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा वडा नम्बर १९ का वडाध्यक्ष मोहम्मद हाकिम राइन लगायत बुद्धिजीवी, समाजसेवी, नागरिक समाज, संचारकर्मी, वडा सदस्य, कर्मचारी लगायतको उपस्तिथी रहेको थियो । कार्यक्रमको संचालन लहान नगरपालिकाका कर्मचारी लखनलाल साहले गरेका थिए ।

## मिस्टर एण्ड मिस सिरहा आइकन २०२१ लहानमा हुदै

लहान । सिरहाको लहानमा मिस्टर एण्ड मिस सिरहा आइकोन २०२१ हुने भएको छ । पी. प्रोडक्सन नेपाल प्रालिको आयोजनामा संचालन हुन गइरहेको मिस्टर एण्ड मिस सिरहा २०२१ को पहिलो अडिसन शनिबार सम्पन्न भएको छ ।



देशका विभिन्न शहरहरूमा सफल ईभेन्ट तथा विभिन्न शोसंगै कार्यक्रमहरूको आयोजना गरेर ख्याती कमाउन सफल पी. प्रोडक्सनका कार्यक्रम संयोजक विशाल पासवानले समाजमा बढ्दो महिला हिंसालाई न्यूनिकरण, बाल विवाह तथा लागूऔषध मुक्त समाज निर्माण, स्थानीय भाषा, संस्कृती, धर्म, पहिचान, रहनसहन तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको बताए । प्रतियोगीतामा सिरहाका १६ देखी ३५ वर्ष उमेर समूहका युवायुवतीहरूले सहभागिता जनाउनसक्ने प्रतियोगिताका कोरियोग्राफर प्रशान्त साहले जानकारी दिए । प्रतियोगिता अन्तर्गत स्माइलि रेस्टुरेण्टमा शनिबार सम्पन्न पहिलो अडिसनमा सहभागी १० जना युवा युवतीहरूले नृत्य, गायन,महिला हिंसा, बेराजगारी लगायतका शिर्षकमा आ–आफ्नो कलासंगै विचार प्रस्तुत गरेका थिए । फिनालेमा युवा तर्फबाट एक जना र युवतीतर्फ बाट एक जना गरी २ जना विजेता हुने संयोजक साहले जानकारी दिएका छन् । फिनालेमा

बाँकी ४ पेजमा

## न्यानो कपडा वितरण

लहान । लहान नगरपालिका-७ स्थित मुसहरी टोलमा न्यानो कपडा वितरण गरिएको छ । लहानका युवा गौरव साह र नरेश जंग साहको पहलमा



लहान नगरपालिका-७ मुसहरीटोलका २४ घर परिवारलाई चिसोबाट बच्न ब्रदर्स फ्रोम डिफ्रेंट मोदर्स सिरहा टिमद्वारा न्यानो कपडा वितरण गरिएको हो । चिसोबाट जोगिनका लागि लहान नगरपालिका-७ मा शनिबार एक कार्यक्रमका बीच नेपाली कांग्रेसका नगर सभापति सुनिल कुमार महतोको प्रमुख

बाँकी ४ पेजमा






# लैङ्गिक हिंसा प्रभावितको सुरक्षा र न्यायका लागि सप्तरीका स्थानीय सरकार अग्रसर





**सप्तरी ।** देशकै लागि जटिल समस्याको रूपमा रहेको लैङ्गिक हिंसाको घटनालाई सम्बोधन गर्नका लागि सप्तरीका स्थानीय तहहरू अग्रसर भएका छन् ।

सप्तरीका केही स्थानीय तहले लैंगिक हिंसा प्रभावितहरूको सुरक्षा न्यायमा सहज पहुँचका लागि कार्यविधि नै बनाई अगाडी बढेका छन् ।

सप्तरीको राजगढ गाउँपालिकाको हालै सम्पन्न कार्यपालिकाको बैठकले लैंगिक हिंसा प्रभावितहरूलाई सुरक्षा र न्यायमा सहज हुन सकोस भन्दै दुईवटा कार्यविधि पारित गरेको छ । कार्यपालिकाको बैठकले महिला विरूद्ध हुने लैङ्गिक हिंसा सम्बोधनका लागि प्रेषण प्रणाली सम्बन्धी कार्यविधि २०७७ र लैङ्गिक हिसा निवारण कोष सञ्चालन कार्यविधि २०७७ पारित गरेको हो ।

राजगढ गाउँपालिकाका अध्यक्ष परमानन्द यादवले लैङ्गिक हिंसा समुदायमा विद्यमान एउटा प्रमुख समस्याको रूपमा रहेको र यस्ता हिंसाबाट विशेष गरी महिला, किशोरी तथा बालिकाहरू अधिक मात्रामा पीडित भइरहेको सामाजिक परिवेशलाई मध्यनजर गर्दै पीडित तथा प्रभावितहरूले सम्मानित जीवन जिउनका लागि उनीहरूको विविध आवश्यकताहरूलाई सम्बोधन गर्न सो कार्यविधि आवश्यक रहेको भन्दै राजगढ गाउँपालिकाको कार्यपालिकाको बैठकले पारित गर्दै आगाडि बढेको बताए ।

लैंगिक हिंसा निवारण कोष र प्रेषण प्रणाली सम्बन्धी कार्यविधि पारित भएकोले नीतिगत रूपमा हिंसा प्रभावितलाई पालिकाद्धारा सहयोग तथा उद्धार गर्न सहज हुने अध्यक्ष यादवले बताए ।

समुदायमा लैंगिक हिंसाको घटना जटिल बन्दै गएको सन्दर्भमा लैंगिक हिंसा उन्मुख संकटलाई सम्बोधन गर्न लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि र प्रेषण प्रणाली सम्बन्धी कार्यविधि सप्तरीका सुरूङ्गा नगरपालिका, राजविराज नगरपालिका, बोदेबसरसाइन नगरपालिका, तिलाठीकोइलाडी गाउँपालिका र छिन्नमस्ता गाउँपालिकाले समेत पारित गरी कार्यन्वयनका लागि अगाडि बढेका छन् । सो पालिकाहरूमा युकेएडको आर्थिक सहयोगमा भिएसओ नेपाल र इन्टरनेशनल अलर्टको साझेदारीमा समग्र जन उत्थान केन्द्रद्वारा प्रदेश २ मा सञ्चालित सहज परियोजना अन्तरगत सो पालिकाहरूमा सो कार्यविधिको आवश्यकता र महत्वको बारेमा पालिकाको कार्यपालिका सदस्यहरूबीच परामर्श बैठक गरी सहजीकरण गरिएको थियो ।

# दुई दर्जन गोप्य इतिहास

**प्रभा बराल**



**२**०६८ सालमा 'स्वअस्तित्वको खोज' पुस्तक बजारमा आएको थियो । विजेश्वरी सैनिक महाविद्यालयको नेपाली विषय शिक्षक थिएँ । हरेक आर्थिक वर्षको अन्त्यमा महाविद्यालयका 'घाम-जून' पुस्तकालयका लागि पर्याप्त पुस्तक थपिन्थे । नेपाली भाषासाहित्यका संग्रहयोग्य पुस्तक किन्ने जिम्मा मलाई थियो ।

थुप्रै किनिएका पुस्तकका ठेलीमा 'स्वअस्तित्वको खोज' पनि ल्याएँ । जब म यो कृतिभित्र छिरेँ । महिला स्रष्टाहरूका अनुभूति पढेर प्रभावित भएँ । हरेकका आआफ्नै कथा थिए । अनेक संघर्ष गरेर साहित्यलेखनमा निस्किएका अनुभव त्यसमा लिपिबध्द थिए । ती लेखनले मुटुभित्रै छोयो । हरेक महिला पाठकले ती लेखभित्र कतै न कतै आफूलाई भेट्थे । नेपाली साहित्यमा यस्ता अनुभूतिजन्य किताब यसअघि पढ्न पाएकी थिइनँ ।

छोरीहरु मात्र पढाइने उक्त महाविद्यालयमा मेरा विद्यार्थीहरूलाई उक्त पुस्तक पढेर रिभ्यु लेख्न लगाएँ । उनीहरूले आफ्नो बुझाइलाई अत्यन्त मिहिन तरिकाले प्रस्तुत गरे । महिलाको आत्मसम्मान भनेको के हो भन्ने कुरामा थोरै भए पनि जानकारी पाए ।

मैले पनि पुस्तककी सम्पादक डा.अर्चना थापालाई यस्तै पुस्तकको दोस्रो भाग पनि प्रकाशन गरिदिन अनुरोध गरेँ । पुस्तक पढेर धेरै जना पाठकबाट यस्तो अनुरोध आएको छ । म विचार गर्नेछु भन्ने उत्तर उहाँले दिनुभयो ।

महिलाका धेरैभन्दा धेरै अनुभूति पढ्ने चाहनाको भोक उक्त कृतिले जगाइदिएको थियो । अन्ततः आठ वर्षपछि 'स्मृतिकथामा सत्व' नामक कृति प्रकाशन भयो । त्यस कृतिमा यस पंक्तिकारको आत्माअनुभूति पनि समेटियो 'लोग्नेको दर्जा' । खुसीमाथि खुसी थपियो ।

कोरोना कहरको विषम परिस्थितिले सबै पाठकका माझ पुस्तक परी नसके पनि ढिलोचाँडो सबैले यो पुस्तक पढ्नेछन् भन्ने दह्रो अपेक्षा गर्न सकिन्छ । साहित्यका अरू विधामा जस्तो खुलेर लेख्न सकिने कुरा होइन, आत्मानुभूति । तथ्यमा आधारित घटनालाई ठूलो साहस लिएर लेख्नुपर्छ । मनमा गुम्फिएर रहेका यस्ता अनुभूतिहरु प्रकाशन गर्न निकै जोखिम मोल्नुपर्ने हुन्छ । कति साथीलाई त मैले नै लेख्न पनि अनुरोध गरेँ ।

'पत्रिकामा पानामा आफ्ना अक्षरहरु सजाउन त कसलाई मन लाग्दैन र ? तर भयो भो नलेख्ने परिवारमा रोइलो मच्चिन्छ । लेखक भए भन्दैमा सारा निजी कुराहरु छताछुल्ल पार्ने भन्ने आरोप लाग्छ ।' भन्दै उनीहरूले मन मारे ।

पक्कै पनि यो व्यक्तिको गोप्य इतिहास हो । मनले चाहेर पनि व्यक्त गर्न नसकिने हुन सक्छ । जेजति साथीले 'स्मृतिकथामा सत्व' पुस्तकमा आफ्ना भावना खन्याए त्यो वास्तवमै प्रेरणायोग्य छ । दुःख, पीडा, तनाव र आपतविपद्बाट गुज्रने को रहेनछ र भन्ने सन्देश यी अनुभूति पढेर हामी महसुस गर्न सक्छौँ ।

२४ जना लेखकका अनुभूतिहरूले समाजको बहुल भोगाइलाई प्रतिविम्बित गर्छ । समतामूलक समाजको रूपान्तरणका लागि यी अनुभूतिहरु निकै उपयोगी हुन सक्छ । हरेक अनुभूतिका आआफ्नै विशेषता छन् । ती केलाएर पढ्न पुस्तकभित्र नै छिर्नु उपयुक्त हुन्छ । तैपनि मोटामोटी केही प्रसङ्गहरूलाई केलाउने प्रयास म गर्छु ।

यौनिक परिचय खोज्न अनुज पिटर, पिंकी गुरूङ र सुदीप गौतमले समाजमा गर्नुपरेको लडाइँ अत्यन्त खेदजनक छ । प्रकृतिको सामान्य अवस्थालाई पनि मानिसहरूले असामान्य ढङ्गबाट बुझिदिँदा उनीहरूको मनमा पीडाको गाँठो परेको छ । त्यो गाँठो फुकाउन उनीहरूले गरेको संघर्षले पाठकको मन भारी हुन्छ । यी अनुभूति पढ्दा तपाईंहरूले पक्कै पनि फरक अनुभूति गर्नुहुनेछ । कति धेरै चोट र वेदना लिएर उनीहरूले जीवनको लडाइँमा होमिएका रहेछन् भन्ने भावले हाम्रो मुटु पनि कोक्याउँछ ।

समाजको संरचनाले गरेका विभेदको कुरा पनि पुस्तकले प्रतिनिधित्व गरेको प्रमुख पाटो हो । जातीयताको पर्खालले एउटा मानवले अर्को मानवमाथि वर्षौंदेखि गरिरहेको बर्बर हिंसा अत्यन्त निन्दनीय छ । समाजलाई अघि बढ्न बाधक यी तत्व मानव इतिहासका लागि प्रगतिका बाधक हुन् । यिनको समूल नष्ट नभइन्जेल समाजमा विकासको अपेक्षा गर्नु कोरा कल्पना मात्र हो भन्ने कुरा हामी महसुस गर्न सक्छौँ । धनकुमारी सुनार र पवित्रा सुनारका आत्मानुभूतिले निक्कै नै झकझकाएका छन् । आफूहरूलाई समाजले गरेको अपमानविरूद्ध उनीहरूले प्रश्न गरेका छन् ।

यी अनुभूतिले समाजको बहुल भोगाइ प्रतिविम्बित गर्छ । समतामूलक समाजको रूपान्तरणका लागि यी अनुभूति निकै उपयोगी छन् । पुस्तकभित्र समेटिएका प्रत्येक अनुभूति पठनीय छन् । देवकी विष्टको मध्यवर्तीको यात्रा, दौलत झाको विस्मृतिमा एक्लो, प्रभादेवी कैनीको अनिच्छित आगन्तुक, प्रमोद मिश्रको जेहिठिना रहले, सेहिठिकार, बिना थिङको म पुतली, बिनिता बरालको बदनाम वाइन, विष्णु सापकोटाको साइकल इपिफेनी शीर्षकका अनुभूतिभित्र पाठकले कहीँ न कहीँ आफूलाई पाउँछ ।

रन्जना निरौलाको भोगाइले पाठकको मन द्रवीभत हुन्छ । पितृसत्तात्मक समाजको आडमा उनलाई आफ्नै ससुरा र जेठाजूले दिएको यातनाको ज्यादती कहालीलाग्दो छ । उनी आफ्ना दुई छोरी र आफ्नो अधिकारको लागि लडिरहेकी छन् । तर हाम्रो देशको कछुवा गतिको न्याय प्रणालीले उनी वर्षौंदेखि अन्यायमा परेकी छन् । प्रत्येक दिन पीडामा बाँचिरहेकी छन् । उनले भोगेको यो दुःसाध्य पलको लेखाजोखा कसले गर्ने ? हाम्रो समाज कतिसम्म निर्दयी र अमानवीय छ भन्ने कुरा बुझ्न यो अनुभूति पर्याप्त छैन र ?

सरिता तिवारी र नारायणी देवकोटाले जीवनमा भोगेको असफलताबाट निराश भएनन् बरू दोब्बर मिहिनेत गरे । दरिलो आत्मविश्वासको लेपनले आगतलाई सिँगारे । यी अनुभूतिले पाठकलाई प्रेरणाको पाइला टेक्न सघाउँछन् ।

राष्ट्रिय पत्रपत्रिकामा मधेसी समुदायका महिलाका मुद्दारे लेखेर सचेतना जगाउँदै आएकी रीता साहको व्यक्तित्वलाई मानिसहरु कसरी नजर अन्दाज गर्छन् ? उनको व्यक्तित्वलाई कमजोर आकलन गर्दा उनले कस्तो पीडा भोगिन् भन्ने कुराले पाठकको मन पनि कटक्क काटिन्छ ।

आफ्नी आमाको मृत्युपछि किरिया बस्न राधा पौडेलले गरेको सङ्घर्ष कति भयानक छ । पितृसत्तात्मक समाजको उनले कसरी मुकाबिला गरेकी छन् । उनको साहस पनि प्रशंसनीय छ । कुरीति र कुसंस्कारलाई बदल्न राधा पौडेलजस्तै जब्बर भएर आफ्नो लक्ष्यमा अडिग हुन जरूरी छ ।

हिमाल चढ्दाको आँट, साहस र सङ्घर्षको कुरा कति गहिरा छन् भन्नका लागि रोजिता बुध्दाचार्य र लाक्पा फुटी शेर्पालाई पढ्दा थाहा हुन्छ । हामी नारी हौं । हामी सक्दैनौ । उनीहरूले कहिल्यै भनेनन् । हामी सक्छौँ भन्ने आत्मविश्वासले सफलता दिलाएको कथा कति मीठो छ । यस्तै प्रेरणा र हौसलाको कथा हाम्रा छोरी पुस्तालाई अत्यन्तै खाँचो छ ।

पुरूषप्रति समाजले राख्ने अपेक्षाको भारीले कति मनोवैज्ञानिक दबाब दिन्छ भन्ने कुरा सञ्जीव उप्रेती र रूद्र चुडालका अनुभूतिले पुष्टि गर्छ । आत्मसम्मानको दौरानमा महिला र अल्पसत्यक समुदाय मात्र एक्लै छैनन्, पितृसत्ताको दरिलो आडमा बसेका पुरूष पनि सत्वको खोजीमा उत्तिकै भौंतारिइरहेका छन् भन्ने सन्देश उप्रेती र चुडालको लेखनमा पाइन्छ ।

यस्ता विविध विषयको सङ्हले पुस्तक पढूँपढूँ लाग्छ । अस्तित्वका लागि हरेक लेखकले गरेको सङ्घर्षको साक्षी पुस्तक बनेको छ । यो पुस्तक बहुल समाजको ऐना बनेको छ । कुनै पनि व्यक्तिको मनभित्र खाँदिएर रहेका भावनालाई बाहिर निकाल्नु, पुस्तक प्रकाशन गर्नु र पृथक् शैलीको स्वाद पाठकलाई पस्कनु वास्तममै नमनयोग्य कार्य छ । आगामी दिनमा पनि यस्तै पुस्तकको अपेक्षा रहिरहनेछ । *इकागजबाट*

# आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज आफन्त वा मित्रबाट विशेष सहयोग मिल्नेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । व्यवसायका लागि यात्राको सम्भावना पनि छ ।

**वृष** :- आज नयाँ सवारी साधन प्राप्तिको योग छ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ । शुभकार्यको चर्चा चल्नेछ । प्रेम प्रस्ताव समेत प्राप्त हुनसक्छ ।

**मिथुन**:- आज यात्रामा विशेष लाभ मिल्ने देखिन्छ । शत्रुपक्ष र रोगबाट छुटकारा मिल्ने समय छ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट** :- आज आतिथ्यपूर्ण सम्मान पाइएला । नयाँ कमको थालनी हुनेछ । धार्मिक यात्राको योगछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ ।

**सिंह**:- धार्मिक कार्य सफल रहनेछन । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । बौद्धिक काममा सफलता मिल्नेछ । प्रेम सम्बन्ध कसिलो होला । अधुरो काम पूरा हनेछ ।

**कन्या** :- राजनैतिक कार्यमा बाधा आउनेछ । नाक तथा घाँटीमा समस्या आउला । सामान हराउन पनि सक्छ, तर अभिभावकको आशीर्वादले काम गर्नसक्छ ।

**तुला** :- दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

**वृश्चिक** :- क्षमता प्रदर्शन गर्ने क्रममा पदोन्नतिको ढोका खोलिनेछ । अभिभावकको सुझावले उचाइमा पुऱ्याउन सहयोग गर्नेछ । दाम्पत्य जीवन सुखमय हुनेछ ।

**धनु** :- सामाजिक कार्यमा रूचि जाग्नुका साथै पारिवारिक सुख मिल्ने देखिन्छ । आँटेको र ताकेको कार्य पुरा होला । बोलीको प्रभाव पनि बढ्नेछ ।

**मकर**:- कार्यमा अवरोधका साथै स्वास्थ्यमा पनि प्रतिकूलता रहन सक्ने देखिन्छ । नजिकको व्यक्तिबाट धोका पाईन सक्नेछ सचेत रहनुहोला ।

**कुम्भ**:- प्रेम र मित्रताको बन्धन कसिने बेला छ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । नयाँ कार्यको योजना बन्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**मिन** :- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । अन्योलका बीच उन्नतिको मार्ग प्रशस्त हुनेछ ।

# ‘वाईफाई’ र हाम्रो दिनचर्या

## सरोकार

अम्बराज मिश्र

एक्काइसौ शताब्दीको सञ्चार जगतको आविष्कारीक नाम हो 'वाईफाई' । 'जान्दा श्रीखण्ड, नजान्दा खुर्पाको बिँड' अहिले एकमाना खान पुग्नेहरूको घर घरमा पुगेको छ 'वाईफाई' । यो वाईफाई (नेट) बालक देखि वृद्धहरू सम्मको हात हातमा हुने मोबाइल त्यो पनि स्किन टच मोबाइलमा जोडिएको छ ।

नेपालको सन्दर्भमा नेपाल दुर सञ्चार कम्पनी र एनसेल कम्पनी लगायत धेरै यस्ता कम्पनीहरूले व्यावसायिक रूपमा बितरण गरी सेवा पुऱ्याईरहेका छन । यो वाईफाईले हरेक क्षेत्र सरल र सहज बनाएको छ । विधार्थी, गुरू, योजनाकार सम्मको साथी बनेको छ 'वाईफाई' । सन्सारभरी रहेका शिक्षा देखि साक्षर निरक्षर सबैको आविष्कारीक साथी भएको छ । ज्ञानबर्धक देखि ज्ञान भंग हुने सम्मका कुराहरू खोज गर्न सक्नेहरूले भिडियो सहितको उपयोग गर्न पाईएको छ ।

यसमा सन्सारभरीका उत्पादन, प्रकृति छटा, प्राणी जगतको खोज, खानपीन र त्यस्को खाने मात्रा, कृत्रीम सामान, वन जंगल, खोलानाला, सजिव देखि नीर्जीव सबै खाले वस्तुहरू लगायत प्राणीहरूको सहवासदेखि उनीहरूको जन्म देखि जीवन उत्सर्ग नहुन्जेल सम्मको यथार्थता र मनोरन्जन एवं गीत संगीत, सिकाई, भोगाई, बनौट, रंग, सबै किसिमको हेर्न र सुन्न पाउने भिडियो सहितको चमात्कारिक उत्पादन भएको छ 'वाईफाई' । यसको अर्को नाम नेट भनेर बुझ्दा हुने नाम हो । यसैले कत्तिको जिविकोपार्जन भएको छ भने कत्तिको दोहोलो पनि पारेको छ 'वाईफाई'ले ।

सदुपयोग र दुरूपयोग गर्ने वा नगर्ने, खोज गर्ने पारिवारिक संस्कार अनुसार उपयोगिता गरेको पाईन्छ । जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिँड भएको छ 'वाईफाई' ।

जान्दा विज्ञानले सन्सारका सबै खाले बिषयको खोज गरेर पस्केको छ, पस्केका खोज मूलकहरू लिन जान्नु पर्ने हुन्छ, जसले लिन जान्न सक्यो उसले आ ́नो दिनचर्या सफलता पुर्वक अगाडि बढाउन सकेका उदाहरण यत्रतत्र देख्न र सुन्न पाएका छौ ।

नजान्दा कत्तिको परिवार नै चिल्ली र बिचल्ली भएका उदाहरणहरू हाम्रै समाजहरूमा देखिदैछ । फेसबुक, टुईटर, म्यासेन्जर, भाईबर, ह्वाटसयाप, ईन्स्ट्राग्राम, ईमो जस्ता यापहरूको प्रयोगले जीवन त सरल सहज त गराएको छ नै, तर नजान्दाको दुरूपयोगले जीवन नै धरापमा परेको देख्न र सुन्न पाईएको छ ।

प्राणीहरू जन्मदा देखिको नमरून्जेल सम्म र मरोणाप्रान्त सम्मका खोजहरू र पृथ्वीमा रहेका हरेक बिषयमा खोज गरेर पस्केको अन्तरवस्तुहरू समेत सबै एउटै सानो मोबाइलमा देखिने भएकाले यसको सदुपयोग कसरी गर्ने भन्ने पनि प्राथमिकतामा रहन्छ ।

हिजो आज नेपाली समाजमा खास गरी युवा युवतीहरूले 'वाईफाई'को सदुपयोगिता अधिकतम भएको पाईन्छ । शिक्षातिर भन्दा पनि मनोरन्जन तिरको आकर्षण बढि भएको हो कि भै लाग्या छ । अविभावकको आर्थिक अबस्थाको हेक्का नराखी महँगा महँगा मोबाइल खरिद गराउन बाध्य पारिएको छ । जब सम्म मोबाइल खरिद हुँदैन तबसम्म घर परिवारमा रडाको मच्याईएको पाईन्छ ।

शिक्षा तिरको सदुपयोगितामा भन्दा पनि अश्लिल मनोरन्जन तिरको आकर्षणमा बढी नै 'वाईफाई'को प्रयोग देखिन्छ । को युवा युवती, को बिवाहिता, र को वृद्ध सबै जना यस्तै मनोरन्जनमा व्यस्त देखिन्छन । यो 'वाईफाई' (नेट) सबैको मोबाइलमा, ल्यापटपमा, ट्याबलेटमा, आईप्याडमा ( ईलेक्ट्रोनीक ग्याजेटहरूमा)



अधिकतम प्रयोगमा देख्दछौ । हरेक नेपालीहरूको हात हातमा यी सामाग्रीहरू देखिन्छन ।

घरको कामधन्दामा भन्दा पनि बढी नेटमा व्यस्त रहने समाजमा परिणत भई सकेको हो भन्ने बुझिन्छ ।

यो वाईफाई (नेट) ले अविवाहित भन्दा पनि विवाहिताहरू साह्रै काम बिते जस्तो गरेर वा कुनै खोजमूलक कार्यमा व्यस्त भए झै देखिने गरेका छन ।

अझ स्पष्ट भाषामा भन्नू पर्दा नेटको गलत प्रयोग भएको कारण आ ́ना अविभावकहरूको आँखा छलेर, गलत स्थानको ठेगाना दिई अविभावकहरूलाई अल्मल्याउने, झुक्याउने, छक्याउने कामको स्थानले जरो गाडेको देखिन्छ ।

खेती किसानीहरूको काममा बाधा, व्यापार व्यवसायमा बाधा, भान्सामा काम गर्नेहरू बेसुर भई खाना डढाएर, उम्लिएर, चर्को पारेर वा बिलिनो बनाई पारिवारिक सदभावहरूमा बिचलन देखिन्छन । आज भोली अझ भन्ने हो भने टिकटकले स्थान पाएको छ, सहर बजार , खेती खोला, खोला नाला, वनजँगल, रिसोर्ट, चिडियाखाना, मनोरम स्थानहरूमा टिकटकको छाँयाकन भईरहेको पाईन्छ ।

यस्तै क्रम जारिरहे देशले आर्थिक घाटा पाउने अबस्था छ, जुनसुकै कार्यालय, गोष्ठी, सेमीनार, तालीम, सभा सम्मेलन, पार्टीका कार्यक्रमहरूमा समेत सबै 'वाईफाई'मा मस्त र व्यस्त देख्दछौ । सेवाग्राहीको कामलाई भोली गरी दिने भनी पन्छाउने चलन पनि उत्तिकै बढेको पाईन्छ । यसरी हुने कार्यक्रममा सहभागीहरूलाई के पस्कन खोजिदै छ ? र के उपलब्धि भयो ? भन्ने पनि समीक्षा हुन्छ नै होला ।

कसैको घर पुग्यो कि पहिले 'वाईफाई' छ ? भनेर सोधिन्छ, भए पासवर्ड मागिन्छ, नभए छिटो घर तिर फर्कने उस्को हाउभाउबाट देखिन्छन । जसको घर गयो ती घरकाहरू पनि नेटमै मस्त र व्यस्त देखिन्छन, को आयो ? को गयो ? कतिखेर आए, कतिखेर गए केही थाहा हुन्न । यस्तो बिचलनले घर परिवार, नातागोता, ईष्टमित्र, साथी भाईहरूमा एक्लोपने दिनको थालनी हुँदैछ भन्ने भान भएको छ । यसरी हाम्रो समाजहरूले उत्पादकत्वमा भन्दा पनि अनुउत्पाकत्व क्षेत्रहरूमा समय खेर फाल्दै गए देशले ठूलो क्षति व्यहोर्दै जाने पक्का छ ।

हरेक नागरिकले आ ́नो घरको काम, समाजको काम, राष्ट्रको भलो हुने काम गर्नु पर्छ भन्ने सोच राख्नु पर्ने आवश्यक्ता छ । सबै काम थाँती राखेर नेटको गलत मनोरन्जनात्मक क्षेत्रको अश्लिल प्रयोग अत्याधिक हुने भएमा आर्थिक संकटले पछार्ने छ । सँस्कार र बौदिकतामा आँच ल्याउन खोजियो भने पुर्खाहरूले साँचेर राखेको सँस्कार र विज्ञानले दिएको बौदिकताको दुरूपयोग गरियो भने संरचनाहरू, विधिहरू, सबै एक पछी अर्को गरी ध्वस्त हुने नै छ र हामी र हाम्रा सन्ततीको साख के रहला ? सो बिचार गरी 'वाईफाई' प्रयोग कर्ताहरूले ध्यान दिन आवश्यक हो झै लाग्या छ । त्यसैले आ ́ना अविभावक, कार्यालय प्रमुख, देशको लक्ष्यलाई सहयोग गर्न पछी नपरौ , समय र कामको सदुपयोगको हेक्का नराखी प्रयोग हुने 'वाईफाई'ले कालान्तरमा ठुलो हानी नोक्सानी गराउनेमा हामी ढुक्क भए हुन्छ । धन्यवाद ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# 'असंवैधानिक कदम विरुद्ध आन्दोलनमा उत्रिनुको विकल्प छैन' : पूर्वमन्त्री पोखरेल

**लहान ।** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दहाल–नेपाल समूहका स्थायी समिति सदस्य एवं पूर्व शिक्षा मन्त्री गिरिराजमणी पोखरेलले जनताको अपार मतलाई लात हान्दै के.पी.ओलीले संघीयता नै धरापमा पर्ने गरी असंवैधानिके कदम विरूद्ध आ–आफ्नो ठाउँबाट आन्दोलन उत्रिनुको विकल्प नरहेको बताएका छन् ।

सिरहाको धनगढीमाई नगरपालिकाले शनिबार आयोजना गरेको नगरस्तरीय अगुवा कार्यकर्ताहरूको भेलालाई सम्बोधन गर्दै नेता पोखरेलले संसद् विघटन गर्नु अगाडि अहिलेको संविधानमा थुप्रै चरण हुँदाहुँदै पनि संसद विघटन गर्नु घोर असंवैधानिक कदम भएकोले आन्दोलनको विकल्प नरहेको बताएका हुन् । उनँले के.पी.ओलीले गरेको असंवैधानिक कदमको विरूद्ध अन्य राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी सबै एकै ठाउँमा रहेकोले आन्दोलनकै भरमा संसद् पुनर्स्थापना हुने दाबी समेत गरे ।



नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवं धनगढीमाई नगरपालिकाका नगरप्रमुख हरिनारायण चौधरीले के.पी.ओलीको असंवैधानिक कदमको विरूद्धको आन्दोलनसँगै प्रदेश नम्बर २ ले आउँदो २५ गते सिरहाको कर्जन्हामा किसान नेता जयगोविन्द साहको स्मृति भव्य रूपले मनाउने निर्णय भएकोले स्मृति सभामा भाग लिन समेत सबैमा अपिल गरे ।

आयोजित कार्यक्रममा नगरप्रमुख चौधरीले उत्तरवहादुर मगरको नेतृत्वमा दुई सय ५१ जना नगरस्तरीय जनपरिचालन समिति प्रस्ताव गरेका छन् । उक्त प्रस्तावलाई ध्वनी मतले पारित गरेको छ । पारित भएको २ सय ५१ जनपरिचालन समितिमा १४ वटा वडा रहेको धनगढीमाई नगरपालिकामा प्रत्येक वडामा १५ जना सदस्य चयन हुनेछ । अन्य सदस्यहरूमा जिल्ला कमिटीका सदस्य, जनवर्गीय संगठन सदस्य, नागरिक समाजको समेत सहभागिता रहने गरी छनोट हुने आयोजकले जनाएको छ ।

उत्तरवर्ती अति रमणीय स्थल धनगढीमाई नगरपालिकाको १३ दुरविन डाँडामा संचालित कार्यत्रक्रममा केन्द्रीय सदस्य, प्रदेश सभा सदस्य, जिल्ला सदस्य एवम् नगरपालिकाका अगुवा नेता कार्यकर्ताहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# विपन्न दलितलाई राहत



**लहान ।** कोभिड–१९ को जोखिमका कारण पोषणयुक्त आहारको अभाव भेलिरहेका सिरहा लहानका सदाय, मरिक तथा सीमान्तकृत समूदायकालाई खाद्यान्न सहितको राहत सामग्री वितरण गरिएको छ ।

दलित जनकल्याण युवा क्लव लहान, एक्शनएड नेपाल र स्ट्याण्डर्ड चार्टर बैंकको सहयोग र लहान नगरपालीकासँगको समन्वयमा लहान नगरपालिका–२४ का एक सय ६४ घरपरीवार दलितहरूलाई राहत वितरण गरिएको हो । राहत वितरणकार्यत्रक्रममा राहत सामग्री हस्तान्तरण गर्दै वडाध्यक्ष कमल यादवले राहतले दलित गरिवहरूलाई सहयोग पुगेको बताए । उनले आफ्नो वडामा रहेका विपन्न दलित, गरिवहरूलाई संस्थाले सहयोग प्रदान गरेर राम्रो काम गरेको बताए । प्रत्येक परीवारलाई राहत स्वरूप २५ केजी चामल, गहुँको पिठो ५ केजी, दाल २ केजी, गेडागुडी एक केजी, नुन १ केजी, धरा तेल १ लिटरका दरले उपलब्ध गराएको छ । कोभिड किटको रूपमा एक थान डीजीटल थर्मोमिटर, हात धुने, नुहाउने साबुन उपलब्ध गराएको क्लवका अध्यक्ष उमेश विसुन्केले जानकारी दिए ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

लहानपोस्ट्

LAHANPOST DAILY

# मिस्टर...

नेपालका कलाकर्मी तथा मोडलहरू जजको रूपमा रहने छन । नेपालका चर्चित विभिन्न कलाकार तथा सहभागीहरूको प्रस्तुति रहने आयोजकले जनाएका छन । विजेता दुवै जनालाई नगद पुरस्कार, मोड्लिंग एग्रिमेन्ट, म्युजिक भिडियो गर्ने मौका, विभिन्न तालिम, आकर्षक उपहारसंगै अवार्ड र नेशनल म्यागजिनका लागि फोटो शुटको अवसर प्रदान गर्ने आयोजकले जनाएका छन् । प्रतियोगिताको दोस्रो र तेस्रो अडिसन पछी सहभागी सबै जनालाई २० दिनको तालिम पश्चात मात्र फिनालेको मिति तय गरिने आयोजकले जनाएको छ । पहिलो अडिसनको जजहरूमा संयोजक विशाल पासवान, मिस वर्ल्ड वाईड इन्टरनेशनल नेपाल २०२० विजेता सन्ध्या श्रेष्ठ, मिस सिरहा २०२० विजेता सुप्रिया मण्डलसंगै शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका संचालक फिरोज शेख रहेका थिए ।

# न्यानो ..

आतिथ्यतामा तथा ब्रदर्स फ्रोम डिफ्रेंट मोदर्स सिरहाका अध्यक्ष मोहम्मद अजमल सिद्दिकीको अध्यक्षतासंगै नेवी संघका निवर्तमान सहमहामन्त्री परमेश्वर साह, जिल्ला उधोग वाणिज्य संघका महासचिव अब्दुल करिम, नेवि संघका जिल्ला अध्यक्ष मोहम्मद मुस्ताक, लहान ६ का वडा सदस्य रमेश गौतम, शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगमका संचालक फिरोज शेख लगायतको आतिथ्यतामा ट्राकसुट,टोपी ,पन्जा र मोजा सहितको न्यानो कपडा वितरण गरिएको आयोजक टिमका सदस्य विजय साह र विशाल दासले जानकारी दिए ।

कार्यत्रक्रमको सञ्चालन नेवि संघका जिल्ला सचिव संजिव ठाकुरले गरेका थिए ।

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो भोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)